**नेपाल सरकार**

**संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय**

**पुरातत्व विभाग**

# कपिलवस्तु संग्रहालय

**तिलौराकोट, कपिलवस्तु**

**शिलबन्दी दरभाउपत्र आव्हानको सूचना**

**सूचना नं. ०१**

**प्रकाशित मिति : २०८१/१०/२८**

१. चालु आ.व. २०८१।८२, कपिलवस्तु संग्रहालयको स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहायका कार्यहरु सिलबन्दी दरभाउपत्रबाट गर्नको लागि यो सूचना प्रकाशित गरिएकोले इच्छुक निर्माण व्यावसायीहरुबाट देहायका शर्तहरुको अधिनमा रही सिलवन्दी दरभाउपत्र आव्हान गरिएको छ ।

२. दरभाउपत्र ग्राह्यता (इलिजिविलिटी) को आधार तथा त्यस्तो आधार प्रमाणित गर्न दरभाउपत्रदाताले देहायका कागजातहरु पेश गर्नु पर्नेछ :
(क) फर्म, संस्था वा कम्पनी दर्ताको नविकरण सहितको प्रमाणपत्रको प्रतिलिपि । (ख) मू.अ.क.दर्ता प्रमाणपत्र, प्यान (PAN) प्रमाणपत्रको प्रतिलिपि ।
(ग) आ.व. २०८०।८१ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।(घ) दरभाउपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नवाझिएको र सम्वन्धित पेशा वा व्यवसाय सम्वन्धी कसुरमा आफूले सजाय नपाएको भनी लिखित रुपमा गरेको घोषणाको सक्कल प्रति ।

३. उल्लेखित प्रमाणहरु सहितको दरभाउपत्र तोकिएको समयभित्र यस कार्यालयमा पेश गर्नुपर्नेछ ।प्रतिलिपि कागजातहरु अनिवार्य रुपमा नोटरी पब्लिकवाट प्रमाणित भएको हुनुपर्नेछ । दरभाउपत्र खरिद तथा दाखिला गर्ने अन्तिम मिति तल उल्लेख भए अनुसार हुनेछ ।

४. विल अफ क्वाण्टिटिजमा आइटमवाइज दर रेट अंक र अक्षर दुवैमा लेखिएको हुनु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

५. दरभाउपत्रदाताको कागजातको मान्य अवधी दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट दरभाउपत्रको हकमा ४५ दिनको हुनेछ। दरभाउपत्रदाताले तल उल्लेखित गरिएको रकममा नघटाई नगद वा मान्यता प्राप्त राष्ट्रिय वाणिज्य बैंक तथा वीत्तिय संस्थाबाट यस संग्रहालयको नाममा जारी गरेको दरभाउपत्रको कागजातको मान्य अवधि भन्दा कम्तिमा ३० दिन बढी अवधिको बैंक ग्यारेण्टी (वीडवण्ड) को सक्कल प्रति पेश गर्नु पर्नेछ।नगद जमानतको लागि राष्ट्रिय वाणिज्य वैंक कपिलवस्तु, तौलिहवा को.ले.नि.का., कपिलवस्तुका एकल कोष धरौटी खाता नं. ३११०१००१०२०३००००, कार्यालय कोड नं. ३२५०२४९०१ मा जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ ।

६. **<u>e-bidding सम्बन्धमा निम्नानुसार हुनेछ :-</u>**

क. e-bidding गर्ने दरभाउपत्रदाताहरुले यस संग्रहालयलाई सार्वजनिक खरिद अनुगमन कार्यालयवाट उपलब्ध भएको भवन निर्माण सम्वन्धी e-bidding को अन्तरिम Portal प्रयोग गर्नु पर्नेछ। उक्त web मा login गरी प्राप्त निर्देशन अनुसार इच्छुक दरभाउपत्रदाताहरुले निम्न दरभाउपत्रमा भाग लिन सक्नेछन्।

ख. दरभाउपत्रसाथ पेश गर्नु पर्ने कागजातहरु e-bidding Portal www.bolpatra.gov.np/egp, मा Scanned Copy Upload गर्नु पर्नेछ। यसरी सहभागी हुने दरभाउपत्रदाताहरुले दरभाउपत्र फारम दस्तुर वापतको को.ले.नि.का. कपिलवस्तु, तौलिहवाको राष्ट्रिय वाणिज्य वैंक स्थितको राजस्व खाता नं.१०००१००२०००१०००० राजश्व शिर्षक १४२२९ कार्यालय कोड नं. ३२५०२४९०१ मा जम्मा गरेको वैंक भौचरको Scanned Copy Upload गर्नूपर्ने छ।

ग. e-submission गर्ने दरभाउपत्रदाताहरुले दरभाउपत्र दर्ता गर्ने अन्तिम दिनको १२:०० बजे भित्र PDF Format मा Upload गरिसक्नु पर्नेछ। Upload भएका दरभाउपत्र सोही दिनको २:०० वजे खोलिनेछ। Upload भएका दरभाउपत्रहरु सम्बन्धि कागजातहरुका सम्बन्धमा बिभागले आवश्यक ठानेमा सक्कल कागजातहरु माग गर्न सक्नेछ। माग गरेका सक्कल कागजात समयमा नै पेश नगरेमा मुल्यांकनमा समावेश गरिने छैन।

घ. निर्माण व्यावसायीले e-bidding मार्फत पेश गरेको दरभाउपत्र खोल्ने समयमा निजको ई-बिड दर्ता भएको नदेखिएमा वा Upload गरिएका फाईल Unreadable Format वा Corrupted भएमा मुल्याङकनमा समावेश गरिने छैन।

७. एक फर्मको नाममा खरिद गरिएको दरभाउपत्र फाराम अर्को फर्मको नामवाट दाखिला गर्न पाईने छैन

८. दरभाउपत्र दाखिला गर्ने म्याद अन्तिम मितिको १२ बजेसम्म हुनेछ भने पेश हुन आएका दरभाउपत्रहरु सोही दिन दिनको २:०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा यस संग्रहालयमा खोलिने छ । दरभाउपत्रदाता वा प्रतिनिधि उपस्थित नभए पनि सिलवन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन । दरभाउपत्र फिर्ता वा संशोधन गर्न चाहेमा दरभाउपत्र दाखिला गर्ने अन्तिम मिति तथा समयभन्दा कम्तिमा चौवीस घण्टा अगावै सिलवन्दी निवेदन दर्ता गराउनु पर्नेछ ।

९. दरभाउपत्रदाताको योग्यताका आधारहरु दरभाउपत्र कागजातमा उल्लेख भए अनुसार हुनेछ ।

१०. यस सूचनाको बुँदा नं २ बमोजिमका कागजातहरु नभएको, रीत नपुगेको, म्याद नाघी प्राप्त भएको, कुनै शर्त राखेको, दस्तखत तथा छाप नभएको दरभाउपत्र उपर कारवाही हुने छैन

११. दरभाउपत्रदाताले कागजात खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो लगत्तै कार्यालय खुलेको दिन क्रमशः सोही समयमा हुनेछ ।तर दरभाउपत्र मान्य अवधि र दरभाउपत्रको जमानत मान्य अवधि शुरुकै मितिबाट कायम हुनेछ ।

१२. कुनै पनि दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस संग्रहालयमा सुरक्षित रहनेछ ।साथै दरभाउपत्र आव्हानको सूचनामा कुनै संशोधन वा परिमार्जन भएमा यस विभागको वेभ साईटमा राखिने छ। दरभाउपत्र दाखिला गर्ने र खोलिने अन्तिम दिन सार्वजनिक बिदा परेमा कार्यालय खुलेको दिनलाई दरभाउपत्र दाखिला गर्ने र खोलिने अन्तिम दिन मानिनेछ ।

१३. यो सूचनामा उल्लेख गरिए बाहेक अन्य कुराहरु सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ तथा अन्य प्रचलित कानून अनुसार हुनेछ ।

| सिनं. | ठेक्का नं. | कामको विवरण | लागत अनुमान रकम (भ्याट र कन्टिजेन्सी बाहेक | दरभाउपत्र जमानत रकम | दरभाउपत्र दस्तुर फारम | ई बिडिङ्ग सुविधा | बोलपत्रदरभाउपत्र/ दाखिला गर्ने अन्तिम मिति |
|---|---|---|---|---|---|---|---|
| १ | **KM/SQ-**<br>०१/०८१/८२ | शुरक्षाकर्मी बस्ने भवन निर्माण , कपिलवस्तु | २३४००४५.६३ | ६५००० | १,०००।०० | छ | २०८१।११।१३ |